प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५२००२७
५२०२२५
फ्याक्स नं. ०८१-५२६५४७
टोलफ्रि नं.१६६-०८१-५२०००

पत्र संख्याः २०७९/०८०
च.नं. २१५

मितिः २०७९/०७/१६

विषयः सुचना पठाइएको सम्बन्धमा ।

श्री सवै स्थानीय तहहरु,
बाँके ।

उपरोक्त सम्बन्धमा यस केन्द्रको चालु आ.व. को स्वीकृत कार्यक्रम अनुसार बाँके जिल्लामा संचालन हुने " **आलु प्रवर्द्धन कार्यक्रम**"को दोस्रो पटक प्रस्ताव अव्हान सम्बन्धि विस्तृत सूचना यसै पत्र साथ संलग्न राखी पठाइएको छ । उक्त सुचना तहाँ गाँउ/नगर/उ.म.न. पालिका र अन्तर्गतका वार्ड कार्यालयहरुको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस केन्द्रमा पठाई दिनुहुन अनुरोध गरिन्छ ।

बोधार्थ
श्री कृषि तथा भूमी व्यवस्था मन्त्रालय, मुकामः वुटवल, रुपन्देही ।
श्री कृषि विकास निर्देशनालय, मुकामः वुटवल, रुपन्देही ।

२०७९/७/१६

इमेलः akcbanke@gmail.com
वेवसाइटः www.akcbanke.gov.np

CamScanner

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमी व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५२००२७
५२०२२५
फ्याक्स नं. ०८१-५२६५४७
टोलफ्रि नं.१६६-०८१-५२०००

पत्र संख्या: २०७९/०८०
च.नं.

---

## प्रस्ताव आह्वानको विस्तृत सुचना

(दोस्रो पटक प्रकाशित मिती २०७९/०७/१६)

यस केन्द्रको आ.ब. २०७९/०८० को स्विकृत कार्यक्रम अनुसार तपशिल अनुसार कार्यक्रममा सहकार्य गर्न बांके जिल्ला भित्रका इच्छुक आवेदकहरुका लागी यो सूचना प्रकासित भएको मितिले ७ दिन (२०७९/०७/२२) भित्र यस कार्यालयमा आवश्यक कागजात सहित प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ । यस सम्वन्धि थप जानकारीको लागि यस केन्द्रको सूचना पाटी/वेभसाइट www.akcbanke.gov.np बाट बिस्तृत सूचना र कृषि तथा पशु पन्छी विकास कार्यक्रम संचालन विधि-२०७९ डाउनलोड गरी प्राप्त गर्न सकिने छ । थप जानकारीको लागी यस कार्यालयको फोन नं. ०८१५२००२७, वा वागवानी विकास अधिकृत श्री राम प्रकाश यादव (९८४५४३४५५७) लाई सम्पर्क गर्नुहुन अनुरोध छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ ।

२।।।५।

(आनन्दा ज्ञवाली)
कृषि प्रसार अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमी व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५२००२७
५२०२२५
फ्याक्स नं. ०८१-५२६५४७
टोलफ्रि नं.१६६-०८१-५२०००

पत्र संख्याः २०७९/०८०

च.नं.

## तपशिल

| क.स. | कार्यक्रमको नाम | संचालन गर्न सकिने क्रियाकलापहरु | मापदण्ड | कार्यक्रम सञ्चालन हुने क्षेत्र वा स्थान | आवेदकको किसिम | अनुदान (सिमा रकम/प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | आलु प्रवर्दन कार्यक्रम । | निजी फार्म वा समुह वा सहकारीले माग गरेका बाली तथा वस्तुको उत्पादन सामग्रीहरू, उपकरणहरू, सङ्कलन, प्राथमिक प्रशोधन सामग्रीहरू, पूर्वाधार सुधार वा निर्माण गर्ने क्रियाकलापहरू। | • सामूहिक वा एकल रुपमा देहायका बाली/वस्तुहरूमा एकै क्लष्टरमा तपशिल बमोजिमको न्यूनतम् मापदण्ड पुरा गर्ने गरी माग गर्नुपर्नेः<br>बाल /वस्तु: आलु — क्षेत्रफल (हे): ३ | जिल्ला भर | निजी फार्म वा समुह वा सहकारी | • यन्त्रउपकरण/ अन्य सामग्रीमा ५० प्रतिशत,<br>• निजी पूर्वाधारको हकमा ५० प्रतिशत<br>• बीउ बिजनमा र सामुदायिक पूर्वाधार निर्माणको हकमा भने ७५ प्रतिशत।<br>• कार्यालयले कुल अनुदान रकमको बढीमा ५ प्रतिशत रकम प्राविधिक सेवा टेवा तथा क्षमता विकासमा खर्च गर्न सक्नेछ।<br>अधिकतम अनुदान सीमा दर देहाय अनुसार हुनेछ।<br>बाली/वस्तु: आलु — अनुदान रकम: १ लाख प्रति हे |

कृषि प्रसार अधिकृत

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि तथा भूमी व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र, बाँके

फोन नं. ०८१-५२००२७
५२०२२५
फ्याक्स नं. ०८१-५२६५४७
टोलफ्रि नं.१६६-०८१-५२०००

पत्र संख्याः २०७९/०८०

च.नं.

---

आवेदन पेश गर्ने स्थान : कृषि ज्ञान केन्द्र बाँके

संलग्न गर्नु पर्ने कागजातहरू:

१. निवेदन (अनुसूचि ३४ बमोजिम)।
२. दर्ता/नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपि (समूह/निजी फर्म/कम्पनी/सहकारी)।
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर, प्रमाण-पत्रको प्रतिलिपि (छनोट भएमा सम्झौता पूर्व पेश गर्नु पर्ने)।
५. व्यावसायिक कार्ययोजना सहितको प्रस्ताव (अनुसूचि ३६ बमोजिम)।
६. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र।
७. अनुदान माग गर्न गरिएको संस्थाको निर्णयको प्रतिलिपि।
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि।
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा ।
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा (१० वर्ष अवधिको) करारको सक्कल प्रति।
११. सम्वन्धित विषयमा तालिम लिएको/ अध्ययन गरेको वा सम्बन्धित विषयमा वैदेशिक रोजगारको अनुभव सम्बन्धी कागजातको प्रतिलिपि ।
१२. चालु आ.व. मा जग्गाको कर तिरेको रिसिदको प्रतिलिपि ।

दृष्टव्यः १. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि नोटरी पब्लिकबाट प्रमाणित हुनु पर्ने ।
२. पहिला आवेदन पेश गरेका आवेदकहरुले नपुग कागजातहरु मात्र पेश गर्नु पर्ने ।
२. पछि कार्यक्रम बजेट तथा कार्यविधि संशोधन भई आएमा सोहि अनुसार कार्यक्रम संचालन हुनेछ ।

(दस्तखत)
...द्दा क्वाली
कृषि प्रसार अधिकृत